# बुद्धशान्ति गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## BUDDHASANTI RURAL MUNICIPALITY
## OFFICE OF THE RURAL MUNICIPAL EXECUTIVE

पत्र संख्या : ०८१/८२ बुधबारे, झापा, कोशी प्रदेश, नेपाल

च.न :

Budhabare, Jhapa, Koshi Province ,Nepal

Estd :- 2073


बुद्धशान्ति गाउँपालिका कार्यपालिकाको कार्यालय बुधबारे, झापा कोशी प्रदेश, नेपाल

मिति : २०८१।०५।१२

विषय : रिक्त पदमा स्थायी शिक्षक सरुवा सम्बन्धी सूचना ।

श्री यो जो जससँग सम्बन्धित छ ।

झापा जिल्ला बुद्धशान्ति गाउँपालिका अन्तर्गत श्री शान्ति आदर्श मा.वि. बुद्धशान्ति ६ मा रिक्त रहेको माध्यमिक तह नेपाली विषय शिक्षक पदमा सरुवाको प्रक्रिया अगाडि बढाइ दिन भनी विद्यालयको च.नं. २६ मिति २०८१।०५।१२ गतेको पत्रबाट अनुरोध भई आएकोले सम्बन्धित तहको योग्यता पुगेका स्थायी शिक्षकहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र शिक्षा नियमावलीको अनुसूची १७ बमोजिमको ढाँचामा सम्बन्धित विद्यालय, स्थानीय तह र शिक्षा विकास तथा समन्वय इकाईको सहमति सहित सम्बन्धित विद्यालयमा निवेदन दिन शिक्षक सरुवासम्बन्धी निर्देशिका २०८१ को दफा ९ बमोजिम सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

पुनश्च :

१. तोकिएको म्याद भित्र विद्यालयको इमेल ठेगाना shantinagarmavi@gmail.com मार्फत समेत निवेदन पेश गर्न सकिन्छ ।

२. म्याद नाघी वा तोकिए बमोजिमको रित नपुगी प्राप्त हुन आएका निवेदन माथि कुनै कारवाही हुने छैन ।

२०८१।५।१२

विनोद पोखरेल
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ

श्री शिक्षा विकास तथा समन्वय इकाई, झापा ।

श्री शान्ति आदर्श मा.वि., बुद्धशान्ति ६, झापा ।

श्री सूचना प्रविधि शाखा : वेब साइटमा समावेश गरिदिनु हुन ।